आज मिति २०७६ साल माघ २२ गते बुधवारको दिन दिउँसो १:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | — | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | — | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री तेज बहादुर शाही | का.वा. १३ अध्यक्ष | — | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| १८. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १९. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २१. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २२. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २३. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

मिति : २०७६।१०।२२ गतेको वैठकका निर्णय

प्रस्तावहरु

१. नलगाड कृषि स्रोत व्यक्तिको विकास तथा परिचालन कार्यविधि, २०७६ सम्वन्धमा ।

२. नलगाड कृषि तथा पशुपंक्षी विकास पकेट क्षेत्र संचालन सम्वन्धी कार्यविधि, २०७६ सम्वन्धमा ।

३. नलगाड एकिकृत कृषि सेवा केन्द्र सञ्चालन सम्वन्धी कार्यविधि, २०७६ सम्वन्धमा ।

४. उद्योग तथा व्यवसाय दर्ता सम्वन्धी विधेयक, २०७६ सम्वन्धमा ।

५. निर्माण व्यवसाय विधेयक, २०७६ सम्वन्धमा ।

६. भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ सम्वन्धमा ।

७. नमुना बस्ती कृषि अनुदान सम्वन्धी कार्यविधि, २०७६ सम्वन्धमा ॥

८. करार कर्मचारीको सेवा करार अवधि थप गर्ने सम्वन्धमा ।

९. नलगाड नगरपालिकाको पशुपंक्षी व्यवसाय प्रर्वद्धन विधेयक, २०७६ सम्वन्धमा ।

१०. वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्वन्धी विधेयक, २०७६ सम्वन्धमा ।

११. सडकको विस्तार तथा नामाकरण गर्ने सम्वन्धमा ।

१२. विद्युतिय सामान उपलव्ध गराउने प्रतिवद्धता सम्वन्धमा ।

नगर कार्यपालिकाको निर्णयहरु

**निर्णय नं. १**: नलगाड नगरपालिकाको दीर्घकालिन सोच, रणनीति तथा योजनालाई कार्यान्वयन गर्न कृषि सम्वन्धी कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी, सहज तथा सरल बनाउन नलगाड कृषि स्रोत व्यक्तिको विकास तथा परिचालन कार्यविधि, २०७६ दफावार छलफल सहित पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २** : नलगाड नगरपालिकाको दीर्घकालिन सोच, रणनीति तथा योजनालाई कार्यान्वयन गर्न कृषि तथा पशुपंक्षी विकास सम्वन्धी कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी, सहज तथा सरल बनाउन नलगाड नलगाड कृषि तथा पशुपंक्षी विकास पकेट क्षेत्र संचालन सम्वन्धी कार्यविधि, २०७६ दफावार छलफल सहित पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३ :** नलगाड नगरपालिकाको कृषि सम्वन्धी दीर्घकालिन सोच, रणनीति तथा योजनालाई कार्यान्वयन गर्न कृषि सम्वन्धी कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी, सहज तथा सरल बनाउन नलगाड एकिकृत कृषि सेवा केन्द्र सञ्चालन सम्वन्धी कार्यविधि, २०७६ दफावार छलफल सहित पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४:** नलगाड नगरपालिकाको उद्योग, व्यवसाय दर्ता, नवीकरण तथा सो सम्वन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन उद्योग तथा व्यवसाय दर्ता सम्वन्धी विधेयक, २०७६ को मस्यौदा बनाई सभामा पेश गर्नको लागि स्वीकृति प्रदान गर्ने र सो विधेयकको मस्यौदा तयार गर्न तपशिल बमोजिम ३ सदस्यीय मस्यौदा समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

- श्री तारादेवी पुन (कार्यपालिका सदस्य) -संयोजक
- श्री प्रतिनिधि (उद्योग बाणिज्य संघ शाखा कालीमाटी) -सदस्य
- श्री भेषजंग शाह (अधिकृत छैठौं) -सदस्य

समितिले आवश्यकता अनुसार पदाधिकारी तथा कर्मचारीलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**निर्णय नं. ५:** नलगाड नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसाय सम्वन्धी ईजाजतपत्र वितरण कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन निर्माण व्यवसाय सम्वन्धी विधेयक, २०७६ को मस्यौदा तयार गरी सभामा पेश गर्नको लागि स्वीकृति प्रदान गर्ने र सो विधेयकको मस्यौदा तयार गर्न तपशिल बमोजिम ३ सदस्यीय मस्यौदा समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

- श्री अर्जुन वहादुर सिंह (वडा नं. ७ अध्यक्ष) -संयोजक
- श्री सुरेन्द्र सिंह (नि.प्र.प्र.अधिकृत) -सदस्य
- श्री जनक वहादुर खड्का (सव ईञ्जिनियर) -सदस्य

समितिले आवश्यकता अनुसार पदाधिकारी तथा कर्मचारीलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**निर्णय नं. ६:** नलगाड नगरपालिकाको भकारो सुधार कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, २०७६ निर्माणको लागि नलगाड नगर कार्यपालिकाको कार्यालय अर्न्तगत कृषि विकास शाखा र पशुपंक्षी विकास शाखालाई जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७:** नलगाड नगरपालिका नमुना बस्तीमा कृषि अनुदान सम्वन्धी कार्यविधि, २०७६ निर्माणको लागि नलगाड नगर कार्यपालिकाको कार्यालय अर्न्तगत कृषि विकास शाखा र पशुपंक्षी विकास शाखालाई जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८:** यस नलगाड नगरपालिका अर्न्तगत विभिन्न शाखा कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीको सेवा करार अवधि २०७६ माघ १ देखि २०७७ आषाढ मसान्तसम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९:** नलगाड नगरपालिकाको पशुपंक्षी विकास सम्वन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन नलगाड नगरपालिकाको पशुपंक्षी व्यवसाय प्रर्वद्धन विधेयक, २०७६ को मस्यौदा बनाई सभामा पेश गर्नको लागि स्वीकृति प्रदान गर्ने र सो विधेयकको मस्यौदा तयार गर्न तपशिल बमोजिम ३ सदस्यीय मस्यौदा समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

- श्री केशव प्रसाद शर्मा (वडा नं. ५ वडा अध्यक्ष) -संयोजक
- श्री भेषजंग शाह (अधिकृत छैठौ) -सदस्य
- श्री बालकृष्ण आर्चाय (सहायक चौथो) -सदस्य

समितिले आवश्यकता अनुसार पदाधिकारी तथा कर्मचारीलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**निर्णय नं. १०:** नलगाड नगरपालिकाको वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्वन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्वन्धी विधेयक, २०७६ को मस्यौदा बनाई सभामा पेश गर्नको लागि स्वीकृति प्रदान गर्ने र सो विधेयकको मस्यौदा तयार गर्न तपशिल बमोजिम ३ सदस्यीय मस्यौदा समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

- श्री रामकुमार जैसी (वडा नं. २ वडा अध्यक्ष) -संयोजक
- श्री भेषजंग शाह (पशुपंक्षी विकास शाखा प्रमुख) -सदस्य
- श्री विष्णु रोकाय (पुर्वाधार तथा वातावरण शाखा प्रमुख) -सदस्य

समितिले आवश्यकता अनुसार पदाधिकारी तथा कर्मचारीलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**निर्णय नं. ११:** नलगाड नगरपालिका वडा नं. ४ को बाउसेखोला देखि खाल्चौर सम्मको सडक थप विस्तार गर्नुपर्ने भएकोले उक्त सडकको नाम बाउसेखोला, खाल्चौर, ईजर, टाकुरी, पाटो हुदै वडा नं. ६ सम्म सडक निर्माण योजना नामाकरण गरी निर्माण कार्य अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १२:** नलगाड नगरपालिका वडा नं. ३ मा सञ्चालित श्री लालीगुराँस आधारभुत विद्यालय सानावन, श्री नमुना आधारभुत विद्यालय पारिकरुवा र श्री वालहित आधारभुत विद्यालय सुरखालीको लागि म्याचिंग स्वरुप प्रति विद्यालय रु. १,६०,०००।० अक्षरुपी एकलाख साठी हजारको दरले विद्युतिय सामानहरु खरिद गर्न नलगाड नगरपालिकाको प्रतिवद्धता सहित आवश्यक सामाग्रीहरु उपलव्ध गराईदिन वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र खुमलटार ललितपुरसंग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरीयो ।